सम्पन्न जनता, समृद्ध दाङ

# नवौं जिल्ला सभा

## जि.स.स. प्रमुख नित्यानन्द शर्माज्यूले प्रस्तुत गर्नुभएको आ.ब. २०८२/०८३ को नीति तथा कार्यक्रम

**जिल्ला समन्वय समिति दाङ**

लुम्बिनी प्रदेश, नेपाल

मिति २०८२ भाद्र १८

Scanned with CamScanner

**जिल्ला समन्वय समिति दाङका प्रमुख श्री नित्यानन्द शर्मा ज्यूले २०८२ साल भाद्र १८ गते बुधबारका दिन दाङ जिल्लाको नवौं जिल्लासभालाई गर्नुभएको सम्वोधन-**

यस कार्यक्रमका प्रमुख अतिथि, पूर्व सिचाइ मन्त्री तथा प्रतिनिधिसभा सदस्य माननीय श्री दिपक गिरीज्यू,

विशिष्ट अतिथी, पूर्व सूचना तथा सन्चार मन्त्री एवं प्रतिनिधिसभा सदस्य माननीय श्री रेखा शर्माज्यू,

विशिष्ट अतिथि, पूर्व शहरी विकाश मन्त्री तथा प्रतिनिधिसभा सदस्य माननीय श्री मेटमणि चौधरीज्यू,

विशिष्ट अतिथि अतिथि, लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्री एवं प्रदेशसभा सदस्य माननीय श्री डिल्ली वहादुर चौधरीज्यू,

विशिष्ट अतिथि, लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात मन्त्री माननीय श्री प्रचण्ड विक्रम न्यौपानेज्यू,

विशिष्ट अतिथि,लुम्बिनी प्रदेशका उर्जा, सिचाइ तथा जलश्रोत मन्त्री माननीय श्री सीता चौधरीज्यू,

विशिष्ट अतिथि, लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्व मन्त्री माननीय श्री राजु खनालज्यू

विशिष्ट अतिथि, लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्व मन्त्री माननीय श्री धनराज मास्कीज्यु,

विशिष्ट अतिथि लुम्बिनी प्रदेशसभाका सदस्य तथा पूर्व मन्त्री माननीय श्री इन्द्रजित चौधरीज्यू,

विशिष्ट अतिथि लुम्बिनी प्रदेशसभा सदस्य माननीय श्री अनुराग खड्काज्यू

विशिष्ट अतिथि लुम्बिनी प्रदेशसभा सदस्य माननीय श्री लोका विकज्यू,

विशिष्ट अतिथि लुम्बिनी प्रदेशसभाका सदस्य श्री रेखा कुमारी शर्माज्यू,

जिल्ला सभाका संम्पुर्ण सभासदज्यूहरु,

अतिथि, श्री प्रमुख जिल्ला अधिकारीज्यू,

अतिथि नेपाली कांग्रेसका जिल्ला सभापति श्री शंकर प्रसाद डांगीज्यू,

अतिथि, नेकपा एमालेका जिल्ला अध्यक्ष श्री शिव कुमार आचार्य ज्यू

अतिथि, नेकपा माओवादी केन्द्रका जिल्ला इन्चार्ज श्री निर्मल आचार्यज्यू,

अतिथि, नेकपा एकिकृत समाजवादीका जिल्ला अध्यक्ष श्री भूप वहादुर केसीज्यू,

अतिथि, राष्ट्रिय प्रजातन्त्र पार्टिका जिल्ला अध्यक्ष श्री किशोर कुमार न्यौपानेज्यू,

अतिथि, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष श्री गणेश आचार्यज्यू,

अतिथि राष्ट्रिय स्वतन्त्र पार्टिका जिल्ला अध्यक्ष श्री विनय घिमिरेज्यू,

अतिथि, जिल्ला समन्वय समिति दाङका निवर्तमान प्रमुख श्री जितेन्द्रमान नेपालीज्यू,

जिल्ला समन्वय अधिकारी ज्यू,

अतिथि, जिल्ला प्रहरी प्रमुखज्यू,

श्री ज्वालादल गणका प्रमुखज्यू,

श्री सशस्त्र प्रहरी वल १९ नं. गण भालुवाङका प्रमुखज्यू

अतिथि, राष्ट्रिय अनुसन्धान कार्यालय दाङका प्रमुखज्यू,

Scanned with CamScanner

दशवटै पालिकाका प्रमुख प्रशाशकीय अधिकृतज्यूहरु,

उपस्थित संम्पूर्ण सरकारी कार्यालयका प्रमुखज्यूहरु

अतिथि, जिल्ला अनुगमन समितिका संम्पूर्ण सदस्यज्यूहरु

अतिथि, पत्रकार महासंघ दाङका अध्यक्षज्यू,

अतिथि, नागरिक समाजका संयोजकज्यू,

अतिथि, दाङ उद्योग वाणिज्यसंघका अध्यक्षज्यू,

तुलसीपुर उद्योग वाणिज्य संघका अध्यक्षज्यु

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका सल्लाहकार श्री सुरेश हमालज्यू,

नेपाल नेत्रज्योती संघ दाङका सभापति श्री कृष्णकुमार गिरीज्यू,

अतिथि, विभिन्न मिडियावाट पाल्नु भएका पत्रकारज्यूहरु

आमन्त्रित सम्पूर्ण महानुभावहरु तथा न्यायप्रेमी जनसमुदायहरु,

र यस जिल्ला समन्वय समितिका सम्पूर्ण कर्मचारीहरु

दाङ जिल्लाको यस गरिमामय नवौं जिल्ला सभालाई सम्वोधन गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ। यस अवसरमा सर्वप्रथम मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको अवस्थामा ल्याई पुऱ्याउन विभिन्न समयमा आफ्नो अमूल्य जीवनको वलिदानी गर्नुहुने वीर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। मुलुकको आमूल परिवर्तनका लागि भएका विभिन्न आन्दोलनमा योगदान पुऱ्याउनुभएका योद्धाहरुप्रति सम्मान व्यक्त गर्दछु।

जिल्ला सभाको यस पावन अवसरमा प्रमुख अतिथि ज्यूका रुपमा हामीले विकासप्रेमी नेता पूर्व सिचाइ मन्त्री एवं प्रतिनिधिसभा सदस्य माननीय दिपक गिरीज्यूलाइ आमन्त्रण गरी उहांको गरीमामय समुपस्थितिले हामीलाइ खुसी तुल्याएको छ। यस गरिमामय सभामा प्रतिनिधिसभाका माननीय सांसदज्यूहरु, प्रदेशसभाका माननीय मन्त्रीज्यूहरु एव सभासदज्यूहरुलाइ हृदयदेखि नमन गर्दै हाम्रो निम्तोलाइ स्वीकार गरी पाल्नु भएका सम्पूर्ण अतिथिगणहरुलाई हार्दिक स्वागत गर्दछु।

**जिल्ला सभाका सभासदज्यूहरु !**

यो जिल्लासभा नवौं सभा भनिएपनि हामी निर्वाचित भएर जम्मेवारी सम्हालेपछिको हाम्रो कार्यकालको चौथो जिल्लासभा हो। हामीले नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित नेपाल कानूनमा भएको व्यवस्था वमोजिम अनुगमन, समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्दै आएका छौं। विधिको शासन, पारदर्शिता, जवाफदेहिता लगायत सुशासनका मूल्य र मान्यतालाई हाम्रो कार्य सम्पादनको आधार वनाएका छौं। राष्ट्रले सञ्चालन गरिरहेको **समृद्ध नेपाल, सुखी नेपाली**को महान अभियान तथा लुम्विनी प्रदेशको लक्ष्य **समृद्ध प्रदेश, खुसी जनता** मा जोडिदै **'सम्पन्न जनता, समृद्ध दाङ'** वनाउने हाम्रो दीर्घकालीन लक्ष्य हो। सुशासन, सामाजिक न्याय र समृद्धिलाइ पनि हामीले हाम्रो सर्वोपरी कर्तव्य ठानेका छौं॥

सुशासन, सामाजिक न्याय र समृद्धि हाम्रो शंकल्प हो। नागरिकलाइ अनुभूती हुनेगरी सहज रुपमा सेवा प्रदान गर्नु राज्यका हरेक अंगहरुको दायित्व हो। हामी निर्वाचित भएर आएसंगै यो वर्षदेखि दशवटै पालिका र संघ तथा प्रदेश मातहतका विकाश निर्माणसंग संवन्धित कार्यालयहरुलाइ निश्चित सूचकका आधारमा हालै सम्पन्न भएको दुइदिने जिल्लास्तरीय वार्षिक समिक्षा गोष्ठिमा एउटा समिति वनाएर मूल्यांकन गरी सम्मान गर्ने परीपाटिको सुरुवात गरेका छौं। मुल्यांकन प्रकियामा प्रथम, द्वितीय र तृतीय हुने पालिकाहरु र कार्यालयहरुलाई वधाइ दिदै आगामी दिनहरुमा अझै उत्कृष्ट काम गर्नुहुने छ भन्ने पनि शुभकामना दिन चाहन्छु। उत्कृष्ट भै

जिल्ला... प्रमुख

Scanned with CamScanner

सम्मानित हुनेहरुको नाम यसै सभामा मूल्यांङ्कन समितिले घोषणा गर्ने छ । मुल्यांकन प्रकृयालाई आगामि दिनमा पनि निरन्तरता दिइने छ ।

सार्वभौम जनताका प्रतिनिधि हामीहरुले जनतालाई विकास र समृद्धिको प्रत्यक्ष अनुभूति हुने र सन्तुष्टि दिलाउने गरी कार्य गर्नु हाम्रो पहिलो जिम्मेवारी हो । त्यसमा हामी सचेत छौं र यही अनुसारको कार्यसम्पादन आगामी दिनहरुमा गर्ने छौं । हाम्रो काम कर्तव्य र अधिकारभित्र पर्ने अनुगमन, सहजीकरण र समन्वयको काम हामीले गर्दै आएका छौं र गर्ने छौं । दाङ जिल्लाका स्थानीय तहहरुले थालेको विकास र समृद्धिको यात्रामा जिल्लावासीहरु क्रमश: जोडिन थालेको र जनताहरुले विकास र समृद्धिको प्रत्यक्ष अनुभूति गर्न लागेको पनि हामीले महसुस गरेका छौं ।

विकास व्यवस्थापनलाई सुदृढ, गुणस्तरीय र जनमुखी बनाउन आवश्यक पर्ने अनुगमन, समन्वय र सन्तुलनलाई प्रभावकारी बनाई **"सम्पन्न जनता, समृद्ध दाङ"** को लक्ष्य प्राप्त गर्न संघीय सरकार, लुम्बिनी प्रदेश सरकार, जिल्लाका सबै स्थानीय सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका साझेदार संस्था, नागरिक समाज, निजी क्षेत्र र सञ्चार क्षेत्र लगायत सबैसँग हातेमालो गरेर अघि बढ्ने कुरामा हामी दृढ छौं ।

मुलुक समृद्धिको यात्रामा रहिरहदा भौतिक विकासलाइ मात्र प्राथमिकता दिएर समृद्धिसंग जोड्ने गरिएको छ । तर भौतिक विकासले मात्र मुलुकको समृद्धि हासिल हुन सक्दैन । मानव संसाधनको विकाशलाइ पनि प्राथमिकता दिएर मुलुकका तीनै तहका सरकारहरु अघि बढ्नु पर्छ भन्ने हाम्रो मान्यता हो । लागुऔषध मुक्त समाज, लैंगिक हिंसा मुक्त समाज तथा सभ्य समाज निर्माणमा पनि हामीले तीनै तहका सरकारसंग समन्वय र सहजीकरण गर्दै आएका छौं । स्वस्थ नागरिकबाट मात्र मुलुकको समृद्धि संभव छ । त्यसमा पनि बालबालिकाको स्वास्थ्यमा हामी अझै सचेत हुन आवश्यक छ । बालबालिकाहरुलाई विभिन्न रोगको संक्रमण हुन नदिन हामीले हरेक वर्ष दाङ जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गर्दै आएका छौं । यो महान अभियानमा खटिने सबैभन्दा तल्लो बस्तीमा खटिने महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका, स्वास्थ्य कार्यालयका कर्मचारीज्यूहरु, दशवटै पालिकाका प्रमुख/उपप्रमुख,/अध्यक्ष/उपाध्यक्ष एवं सम्पूर्ण जनप्रतिनिधिहरु, स्वास्थ्य शाखाका कर्मचारीहरु लगायत सम्पूर्ण जनप्रतिनिधिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै अन्य महामारी र प्राकृतिक विपतमा खटिने सम्पूर्ण स्वास्थ्यकर्मिहरु, सुरक्षाकर्मिहरु, नागरिक समाज, सञ्चारकर्मिहरु लगायत आम नागरिकहरु सबैलाइ हृदयदेखिनै धन्यवाद दिन चाहन्छु ।

हामीलाई थाहा छ, स्वास्थ्यका केहि सूचकहरुमा माथि उठ्न नसक्दा समग्र लुम्बिनी प्रदेशनै मातृशिशु मृत्युदरमा औसत भन्दा बढि छ । लुम्बिनी प्रदेशको अन्न भण्डार भएर पनि कुपोषणका समस्याहरु छन् । कुपोषणको व्यवस्थापन र मातृशिशु मृत्युदर सून्यमा झार्न पनि हामीलाई अहोरात्र खटिनु परेको छ । यसकालागि हामीले पूर्ण संस्थागत सुत्केरी पालिका घोषणा गर्ने अभियानलाई पनि प्राथमिकताका साथ अघि बढाएका छौं । दाङ जिल्लामा एउटा पालिकाले मात्र पूर्ण संस्थागत सुत्केरी पालिका घोषणा गरेको छ । अन्य पालिकाहरुलाई पनि यो अभियानमा जोडिन हामीले समन्वय गरेका छौं ।

**सभाका सदस्यज्यूहरु !**

जिल्ला समन्वय समितिलाई थप जिम्मेवारी दिई समन्वय समितिको भूमिकालाई अझ बढि प्रभावकारी बनाउदै लगेमा जिल्लाको विकास व्यवस्थापनलाई सन्तुलित बनाउन सकिने हामीले विश्वास लिएका छौं । हामी विकासे अड्डा होइनौं यद्यपि सार्वभौम जनताका प्रतिनिधि हामीहरुले जनतालाई विकास निर्माणको प्रत्यक्ष अनुभूती हुनेगरी कार्यगर्नु हाम्रो जिम्मेवारी हो । यसमा हामी सचेत छौं र सो अनुसारको अनुगमन र समन्वयको काम गर्दै आएका छौं । नेपालको संविधानले दिएको हाम्रो क्षेत्राधिकार अनुगमन, समन्वय र सन्तुलन गर्नुनै हो । यसलाई आत्मसात गरेर सत्य र निष्ठाकासाथ अघि बढ्नेकुरा यो गरिमामय सभामा व्यक्त गर्न चाहन्छु ।

हामीले जिम्मेवारी सम्हालेसंगै पहिलो वर्षदेखिनै जिल्लाका सबै पालिकाको अन्तरसंम्बन्धको संस्कृतिको विकास एवं विकास निर्माणमा समन्वय ल्याउनकालागि अन्तरपालिका घुम्ती बैठक गर्दै आएका छौं । सम्भव भएसम्म हरेक महिनाको एक पटक एउटा पालिकामा यस्तो बैठकको आयोजना गरी पालिकाका असल

जित्यानन्द शर्मा
प्रमुख

Scanned with CamScanner

अभ्यासहरुलाई आदान प्रदान गर्दै यस्ता अभ्यासको अनुशरणकालागि समेत मार्ग प्रशस्त गरेका छौं । यसबीचमा हामीले अन्तरपालिका सीमा विवाद, नदिजन्य पदार्थहरुको उत्खनन् विवाद, छाडा चौपायाको व्यवस्थापन देखि सडक मानवको उद्धार एवं पुनर्स्थापनमा पनि समन्वयकारी भुमिका निर्वाह गरेको यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । त्यसैगरी लैंगिक हिंसा न्यूनीकरण, द्वन्द्वपीडितहरुको न्यायकालागि हरेक पालिकामा समिति तथा उपसमितिहरु गठन गरी स्वास्थ्य बीमामा सहजतासंगै द्वन्द्वपीडितहरुको मानसिक परामर्श उपलव्ध गराउने काम पनि भैरहेको अवगत गराउन चाहन्छु । यसका साथै जिल्लामा व्यापक रुपमा वढिरहेको लागुऔषध दूर्व्यसनी न्युनीकरणमा पनि पालिकाहरुसंग परामर्श गर्ने काम भैरहेको पनि यस सम्मानित सभा मार्फत जानकारी गराउन चाहन्छु ।

यसैगरी जिल्लाका दुई उपमहानगरपालिका घोराही र तुलसीपुरलाई जोड्ने मुख्य सडक स्तरोन्नतीकालागी ठेक्का संभौता भै स्तरोन्नतीकोलागी अन्तिम सर्वेको काम भैरहेको छ । अबको तीन वर्षभित्र सडक स्तरोन्नतीको काम पूरा हुने छ भन्ने हामीलाई विश्वास छ । चारलेन सडकको पुनः ठेक्का गरी काम सुरु गराउन पहल गर्नुहुने यस जिल्लावाट निर्वाचित हुनुभएका सांसदज्यूहरु एवं राजनितिक दलहरु तथा आम नागरिकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**सभाका सदस्यज्यूहरु !**

अव म आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि तयार पारिएको नीति तथा कार्यक्रम यस सम्मानित जिल्लासभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**प्रमुख नीति तथा कार्यक्रम**

१. सम्पन्न जनता, समृद्ध दाङको दूर दृष्टिलाई साकार पार्न जिल्लाका पालिकाहरुलाई सामर्थ्य र पहिचानको खोज निर्धारण संगै प्राथमीकरण गरी त्यसका आधारमा योजना निर्माण तथा कार्यान्वयन गरी समृद्धि हासिल गर्न सहकार्य गरिनेछ ।

२. जमिन मुनीको पानीको सतह पनि वर्षेनी भासिदै गएको छ । वढ्दो मात्रामा रासायनिक मलको प्रयोगले माटोको उर्वराशक्ति र ओशिलो पना पनि हराउदै गएको छ । रासायनिक मलको प्रयोगलाइ कम गर्दै प्रांगारिक मलको प्रयोगमा स्थानीय सरकारलाई प्रोत्साहन गरीने छ । साथै पानीको सन्चिति वढाउन कृतिम जलाशय निर्माणमा तीनै तहका सरकारसंग समन्वय गरीने छ ।

३. विकास निर्माणमा सन्तुलन नभएको गुनासालाइ सम्वोधन गर्दै आवस्यकताका आधारमा भन्दा पहुचका आधारमा धेरै टुके आयोजनामा वजेट पर्ने प्रवृत्तिलाइ निरुत्साहित गर्न संघ, प्रदेश र स्थानीय सरकारसंग समन्वय गरीने छ । जिल्लामा धेरै संख्यामा आयोजनाहरु अधुरा र अलपत्र अवस्थामा छन् । अधुरा र अलपत्र आयोजनाहरुको तथ्यांक संकलन गरी ती आयोजनाहरुको पुर्णताकालागी संघ र प्रदेश सरकारसंग समन्वय गरीने छ ।

४. जिल्लामा मातृशिशु मृत्युदर घटाउन तथा पोषणका कार्यकमहरु विस्तार गर्न संघ, प्रदेश र स्थानीय सरकारहरुवीच समन्वय र सहजीकरण गरिने छ । जिल्लामा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोपणालाई निरन्तरता दिदै पूर्ण संस्थागत सुत्केरी घोषणा अभियानलाई पनि साकार वनाउन स्थानीय सरकारलाई अभिप्रेरित गरिने छ ।

५. जिल्लामा लागुऔषध दुर्व्यसनी र कारोवारीको संख्या पनि वर्षेनी वढिरहेको छ । यसले समाजमा लैगिक हिंसा, पारीवारिक विखण्डन तथा हत्याहिंसाको अवस्था समेत सृजना गरेकाले लागुऔषध दुर्व्यसनी न्यूनीकरणका कार्यकम सञ्चालन गर्न जिल्लाका दशवटै पालिकासंग सहकार्य गरिने छ । लागुऔषध विरुद्धको सचेतना अभियानमा अन्य गैरसरकारी संस्थालाई पनि उत्प्रेरित गरिने छ । लागू औषधको ओसारपसार तथा प्रयोगले देशै अक्रान्त भएकोमा विद्यालयस्तरमा नैतिक शिक्षालाइ प्रोत्साहन गरी लागू औषधको दुरुपयोगवाट समाजमा हुन सक्ने असरको वारेमा समय समयमा विद्यालय, क्लव, संघसंस्था लगायतका निकायहरुमा सचेतनामूलक गोष्ठि, तथा प्रवचनको माध्यमवाट जनचेतना अभिवृद्धिका लागी स्थानीय सरकारलाई सकृय रुपमा लाग्न समन्वय गरिने छ ।

Scanned with CamScanner

६. वालवालिका तथा युवाहरुमा मोवाइलको अनावश्यक प्रयोगले मानशिक स्वास्थ्यमा समेत गम्भीर प्रभाव परिरहेको छ । हरेक परिवारमा देखिएको यो समस्याले भविष्यमा वालवालिकामा गम्भीर मानशिक समस्या ल्याउने भएकाले यसमा पनि विशेष कार्यक्रम ल्याउन स्थानीय पालिकाहरुसंग समन्वय र सहकार्य गरिने छ ।

७. जिल्लाको समस्टीगत पहिचानकालागि जिल्ला प्रोफाइल निर्माणका लागी पनि यसै सम्मानित सभामा प्रस्ताव गर्दछु । दशवटै पालिकाहरुका लागि आवस्यक हुने जिल्ला प्रोफाइल निर्माणकालागी आर्थिक व्यवस्थापनकालागी स्थानीय पालिकाहरुलाइ उत्प्रेरीत गरिने छ। प्रोफाइल निर्माण जिल्ला समन्वय समितिले गर्ने प्रस्ताव पेश गर्दछु ।

८. विसं २०११ सालमै सन्चालनमा आएको टरीगाउ विमानस्थलमा अझै सम्म पनि नियमित हवाइ सेवा उपलव्ध छैन । एयरपोर्टको स्तरोन्नतीकालागि आवस्यक वजेट विनियोजन गर्न यस जिल्लावाट प्रतिनिधि सभामा प्रतिनिधितव गर्ने सांसद, राजनितिक दल, प्रदेशसभा सदस्य तथा स्थानीय सरकारको पुन: ध्यानाकर्षण गराउन चाहन्छु । जिल्लासभा मार्फत हवाइसेवाको सुनश्चिततताकालागी संघीय सरकारको ध्यानाकर्षण गराइने छ ।

९ घोराही तुलसीपुर चारलेन सडक निर्माणका कममा आइपर्न सक्ने विद्युत, खानेपानी, दुरसन्चार लगायतका समस्यालाइ संवोधन गर्न तथा तोकिएको समयमा निर्माणको काम सम्पन्न गराउन निरन्तर निगरानीका लागी जिल्ला समन्वय समितिको नेतृत्वमा सहजीकरण समिति गठनकालागी प्रस्ताव गर्दछु ।

१०. दाङ जिल्लाको प्रमुख स्थानीय श्रोत नदिजन्यपदार्थ ढुंगा, गिट्टि वालुवा हो । नदिजन्य पदार्थको चोरी निकासीलाइ पुर्ण रुपमा निरुत्साहित गर्दै यसवाट हुने राजश्व चुहावट रोक्न वैज्ञानिक एवं वातावरणमैत्री व्यवस्थापनमा पनि स्थानीय सरकारहरुसंग सहकार्य गरिने छ । अवैध उत्खनन् र चोरी निकाशी रोक्न अनुगमन समितिलाइ थप कियाशिल वनाइने छ । नदीजन्य पदार्थ (ढुंगा, गिट्टी र वालुवा) उत्खनन् ओसारप्रसार घाटगद्दीको प्रकृयालाई प्रदेश र पालिकासँगको समन्वयमा वैज्ञानिक र पारदर्शी ढङ्गले अगाडी वढाउन समन्वय गरिने छ ।

११. देउखुरी उपत्यकामा नदि कटान तथा डुवानवाट जोगाउन राप्ती करीडोर तथा दाङ उपत्यकामा ववई करीडोर निर्माणकालागि आवश्यक गुरुयोजना निर्माण गरी काम अघि वढाउन संघ र प्रदेश सरकार संग समन्वय गरिनेछ ।

१२. त्यसैगरी जिल्लामा भैरहेका विकास निर्माणको नेतृत्व गर्ने संघ प्रदेश र स्थानीय तहहरुलाई कार्य सम्पादन मूल्यांङ्कनका आधारमा सम्मान गर्ने कार्यलाइ हरेक वर्ष निरन्तरता दिइने छ ।

१३. जिल्लाभित्रको विकास तथा निर्माण कार्यमा सन्तुलन स्थापित गरी विपन्न तथा पिछडिएको वर्गहरुका लागि सरकारको अनुभुति गराउन स्थानीय, प्रदेश र संघीय सरकारसँग समन्वय गरिने छ ।

१४. जिल्लामा भएको विकासवाट प्राप्त नतिजा तथा प्रभाव र गर्नुपर्ने सुधारका वारेमा जिल्लावाट प्रतिनिधित्व गर्ने संघीय र प्रदेश सासदहरु वीच छलफल गरी संघीय सरकार, प्रदेश सरकारलाई प्रतिवेदन पठाउने काम गरिने छ ।

१५. नेपालको अन्तरदेशीय सीमा स्तम्भको सुरक्षा रुपमा रहेका नाकावासीहरुको शिक्षा, स्वास्थ्य, सुरक्षा, खानेपानी, कृषि यातायात, रोजगारीलगायतका लागि **नाका क्षेत्र विशेष कार्यक्रम** सञ्चालन गर्न स्थानीय, प्रदेश र संघ सरकारसँग समन्वय गरिने छ ।

१६ वैज्ञानिक भूमि व्यवस्थापन गर्दै, सहरी, तथा ग्रामिण आवास क्षेत्र, ग्रामीण कृषि क्षेत्र, औद्योगिक क्षेत्र, वन क्षेत्र, जलाधार क्षेत्र आदि निर्धारण गरी कृषि क्षेत्रको भु-खण्डीकरण रोक्नको लागि पालिकाहरुलाई भू-उपयोगको नीति निर्माण गर्न प्रोत्साहित गरिने छ ।

१७. जिल्लाको घोराही र तुलसीपुर उपमहानगरपालिकामा औद्योगिक क्षेत्र र अन्य पालिकामा औद्योगिक ग्राम स्थापना कार्य अघि वढाउन केन्द्रीय एवं प्रदेश सरकारसँग समन्वय गरिने छ ।

१८ दाङ जिल्लामा खाद्य प्रविधि प्रयोगशाला तथा गुणस्तर तथा नापतौल कार्यालय स्थापनाकालागी संघ र प्रदेश सरकारसंग समन्वय गरीने छ । साथै घोराहीवाटै व्लुवुकको नविकरण, सवारीचालक अनुमति पत्रको नविकरण र देउखुरीमा लाइसेन्स ट्रायल सेन्टर लगायतका सेवाकालागि यातायात सेवा कार्यालय स्थापना गर्न प्रदेश सरकारसंग समन्वय गरीने छ ।

जित्यानन्द शर्मा
प्रमुख

Scanned with CamScanner

१९ सिमेन्ट उद्योग खानी क्षेत्रबाट चुनढुंगा बोक्दा घोराही–होलेरी, घोराही–मुर्कुटी, घोराही-हर्नोक-स्यूजा सडक खण्ड हरेक वर्ष क्षतविक्षत हुने भएकाले सिमेन्ट उद्योगका टिप्परहरु चल्नकालागी वैकल्पिक सडक मार्ग निर्माणकालागी यसै सभा मार्फत संघ र प्रदेश सरकारसंग पर्याप्त बजेट व्यवस्था गरिदिन अनुरोध गर्दछु ।

२०. तिनवटै सरकारबाट विनियोजन हुने वार्षिक बजेटमा हुने दोहोरोपनालाई हटाउन तथा पहुचका आधारमा योजना पर्ने प्रवृत्तिलाइ निरुत्साहित गर्न संघ र प्रदेश सरकारको ध्यानाकर्षण गराइने छ ।

२१. जिल्लाको समग्र शान्तिसुरक्षाको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय र जिल्लामा अवस्थित चारवटै सुरक्षा निकायसंग समन्वय र सहकार्य गरी समाजमा शान्ति सुरक्षाको प्रत्याभुति कायम गरीने छ ।

२२. दाङको दक्षिण क्षेत्रमा रहेको भारतसंग जोडिएको एक मात्र कोइलावास भन्सार नाकालाई सन्चालनमा ल्याउनकालागी संघ र प्रदेशस सरकारसंग आवश्यक समन्वय गरीने छ ।

२३. जिल्ला समन्वय प्रमुखलाई जिल्ला भित्रका स्थानीय तहको ऐन कानुनको प्रमाणिकरणको भुमिकाका लागी संघ तथा प्रदेश सरकारसंग अनुरोध गरिने छ ।

२५. जिल्ला समन्वय समितिमा क्षमता विकास अनुदान व्यवस्था तथा क्षमता विकासका लागी तोकिएका अन्य तालिम केन्द्र र कार्यक्रम संग समन्वय गरी सबै तहका पदाधिकारी तथा कर्मचारीकालागी मात्र आवश्यकताका आधारमा समसामयिक तालिम, शिप तथा अनुशिक्षण कार्यक्रम सन्चालन गरिने छ ।

२६. न्यायिक समितिमा कानुन अधिकृत नहुदा सेवा प्रवाहमा जटिलता आइरहेको हामीले पाएका छौं । न्यायिक समितिलाइ कार्यसम्पादनमा सहजताकालागी एक जना कानुन अधिकृतको दरबन्दी कायम गर्न प्रस्ताव गर्दछु

२७. दाङ खेल क्षेत्रको उर्वरभुमि हो । दाङले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी पनि उत्पादन गरीरहेकाले खेल क्षेत्रलाइ प्रोत्साहन गर्न प्रभावकारी कार्यक्रमकालागी संघ, प्रदेश र स्थानीय सरकारसंग समन्वय गरिनेछ ।

२८. दाङ जिल्ला पछिल्लो समयमा सुख्खा मरुभूमीकरणतर्फ उन्मुख हुदै छ । वातावरणीय विनासका कारण अतिवृष्टि, अल्पवृष्टि र अनावृष्टिको अवस्था सृजना भयो । भू-क्षय र बाढि पहिरोको जोखिम पनि उत्तिकै छ । दक्षिण तर्फको चुरे विनासका कारण वर्षातको दर कम हुनु तथा भुःक्षयको जोखिम बढ्नु हामी सबैको चिन्ताको विषय हो । हाम्रा उत्तरी पहाडबाट बग्ने नदिनालाहरु विस्तारै सुक्दै गएका छन् । हाम्रो प्रमुख दायित्व भनेको उत्तरी क्षेत्र हराभरा बनाउनु र त्यहांका खोलानाला र पानीका मुहानहरुलाई पूर्ववत अवस्थामा फर्काउनु र चुरेको संरक्षण गरी भूक्षय नियन्त्रण गर्नु हो । यस महान अभियानमा तीनै तहका सरकारहरुको अर्थपुर्ण सहभागिताका लागि समन्वय र सहजीकरण गरीने छ ।

२९. जिल्ला भित्रका स्थानीय तहहरुले नागरिकलाई प्रवाह गर्ने सार्वजनिक सेवा नागरिकलाई सेवा प्राप्त भएको अनुभूति हुन सक्ने गरी गुणस्तरीय, प्रभावकारी र जनमैत्री तुल्याउदै सुशासनयुक्त र भ्रष्टाचारमुक्त दाङ भन्ने नारालाई कार्यान्वयन गरी सार्थकता दिइनेछ ।

माथि उल्लेख गरिएको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमहरु जिल्लामा संघ, प्रदेश र स्थानीय तहका सरकारहरुले सन्चालन गर्ने विकास निर्माणका काम तथा सेवा प्रवाहका लागि सहयोगी हुने विश्वास मैले लिएको छु । सारमा हाम्रो नीति तथा कार्यक्रमहरुले **सुशासन, समृद्धि र समावेशी विकास दाङ जिल्लाको आवश्यकता, कृषि, पर्यटन र पुर्वाधार सबै स्थानियतहको प्राथमिकता साथै सम्पन्न जनता समृद्ध दाङको लक्ष्यलाई साकार पार्दै प्रदेशको लक्ष्य समृद्ध प्रदेश खुसी जनतामा जोडिदै सरकारको समृद्ध नेपाल खुसी नेपालीको महा अभियानमा हामी समाहित हुने छौं ।**

जित्सानन्द शर्मा
प्रमुख

Scanned with
CamScanner

**सभाका सदस्य ज्यूहरु !**

यहांहरुको आज्ञा अनुसार म यस कार्यालयको गत आ.व.मा खर्च हुन नसकी मौज्दात विविध आम्दानी र आन्तरिक श्रोत राजश्व वांडफांड संघिय सरकारवाट प्राप्त अनुदान रकमको आय व्यय विवरण पेश गर्न अनुमति चाहन्छु ।

गत विगतमा यस जिल्लाका दशवटा स्थानीय तहहरुलाई ३ करोड रुपैयाका दरले वांडफाड भएको रकम मध्ये केहि स्थानीय तहहरुलाई वजेट निकाशा भैसकेको र केहि स्थानीय तहहरुलाई निकाशा हुन बाँकी छ । जस मध्ये अव स्थानीय तहहरुलाई निकाशा हुन बाँकी रकम रु १,००,००,०००/- (अक्षेरुपी एक करोड रुपैया मात्र) यसै कार्यालयको क–६ (विविध) खातामा मौज्दात रहेको छ । गत विगत आ.व. देखिको आन्तरिक आम्दानी मध्ये चालु आ.व.मा अल्या गरी ल्याएको यस कार्यालयको क-६ (विविध) खातामा रु ५,४२,७०,२५७/४२(अक्षेरुपी पांच करोड वयालिस लाख सत्तरी हजार दुई सय सन्ताउन्न र पैसा वयालिस मात्र) मौज्दात रहेको र यस चालु आ.व. मा आय हुने रकम एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ वमोजिम राजश्व संकेत नं. १४१५१ मा जम्मा गर्ने गरी सम्झौता भैसकेको छ । यस कार्यालयको आन्तरिक श्रोतवाट र केन्द्रीय अनुदानवाट प्राप्त रकम निम्नानुसारको कार्यको लागि तपसिल वमोजिमको प्रस्ताव गरेको छु । प्रस्तावित शीर्षकको वजेट जिल्ला समन्वय समितिको वैठकवाट यकिन गरी बाँडफाँड गरिनेछ ।

| क्र.सं. | वेटको प्रकार | कार्यक्रमको नाम | प्रस्तावित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यसञ्चालन कोष (विविध खाता) | जिल्ला समन्वय समितिको मर्मत सम्भार तथा संरक्षण खर्च र अन्य विविध कार्यक्रम खर्च | ५४२७०२५७/४२ (पाँच करोड वयालिस लाख सत्तरी हजार दुईसय सन्ताउन्न र पैसा वयालिस मात्र) | जिल्ला समन्वय समितिको वैठकवाट कार्यालयलाई आवश्यक पर्ने रकम यकिन गरी कर्मचारी कल्याण कोषमा छुट्याएर वाँकी रकम राजश्व शीर्षक नं. १५१११ मा जम्मा गरिनेछ । |
| २ | केन्द्रीय अनुदान (विनियोजन तर्फ) | पदाधिकारी तथा कर्मचारीहरुको पारिश्रमिक, अनिवार्य दायित्व सहितका कार्यालय सञ्चालन खर्च, कार्यक्रम खर्च (वार्षिक प्रगति समीक्षा, जिल्ला सभा र स्थानीय तहको असल अभ्यास तथा अनुभव आदान प्रदान सहित) | १,६१,६२,०००।० (एक करोड एकसट्ठी लाख वैसट्ठी हजार .मात्र) | जिल्ला समन्वय समितिको वैठकवाट उक्त रकम आवश्यता अनुसार बाँडफाँड गरिनेछ । |

**सभासद ज्यूहरु,**

अन्तमा, उपस्थित सम्पूर्ण महानुभावहरुमा जिल्ला समन्वय समिति र मेरो व्यक्तिगततर्फवाट धन्यवाद दिँदै यो सम्वोधन यही समाप्त गर्दछु ।

धन्यवाद !

जित्यानन्द शर्मा
प्रमुख

Scanned with CamScanner

आज मिति २०८१/०५/१८ गते बुधबारका दिन जिल्ला समन्वय समिति, दाङका प्रमुख श्री नित्यानन्द शर्माज्यूको अध्यक्षतामा दाङ जिल्लाको नवौ जिल्ला सभा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसि तपसिलका निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री नित्यानन्द शर्मा | प्रमुख, जि.स.स दाङ | सभाअध्यक्ष |
| श्री नरुलाल चौधरी | नगर प्रमुख, घोराही उपमहानगरपालिका | सदस्य |
| श्री टिकाराम खड्का | नगर प्रमुख, तुलसीपुर उपमहानगरपालिका | सदस्य |
| श्री जोगराज चौधरी | नगर प्रमुख, लमही नगरपालिका | सदस्य |
| श्री चेतना चौधरी | उपप्रमुख, जिसस दाङ | सदस्य |
| श्री कुल बहादुर खत्री | अध्यक्ष,बबइ | सदस्य |
| श्री शरद कुमार बुढाथोकी | अध्यक्ष, राजपुर | सदस्य |
| श्री प्रकास विष्ट | अध्यक्ष, राप्ती गाउपालिका | सदस्य |
| श्री यम नागरायण पोखेल | अध्यक्ष, गढवा गाउँपालिका | सदस्य |
| श्री तुल्सीराम पुन | अध्यक्ष, बंगलाचुली गाउँपालिका | सदस्य |
| श्री शम्भु गिरी | अध्यक्ष, दंगिशरण गाउँपालिका | सदस्य |
| श्री प्रमोद बस्नेत | अध्यक्ष, शान्तिनगर गाउँपालिका | सदस्य |
| श्री हुमा कुमारी डिसी | उपप्रमुख घोराही उपमहानगरपालिका | सदस्य |
| श्री स्यानी चौधरी | उपप्रमुख तुलसीपुर नगरपालिका | सदस्य |
| श्री लक्ष्मी योगी | उपप्रमुख लमही नगरपालिका | सदस्य |
| श्री पिमा कुमारी खड्का | उपाध्यक्ष दंगिशरण गाउँपालिका | सदस्य |
| श्री धनपति देवी यादब | उपाध्यइ राजपुर गाउँपालिका | सदस्य |
| श्री कमलापती चौधरी | उपाध्यक्ष राप्ती गाउँपालिका | सदस्य |
| श्री शारदा कुमारी चौधरी | उपाध्यक्ष गढवा गाउँपालिका | सदस्य |
| श्री भक्त बहादुर जिसि | उपाध्यक्ष बंगलाचुली गाउँपालिका | सदस्य |
| श्री प्रेमा कुमारी विसी | उपाध्यक्ष शान्तिनगर गाउँपालिका | सदस्य |
| श्री बम कुमारी खड्का | उपाध्यइ बबइ गाउँपालिका | सदस्य |
| श्री सरस्वती नेपाली | | सदस्य |
| श्री हरिदेवी पोखेल | | सदस्य |
| श्री टोपाराम चौधरी | | सदस्य |
| श्री द्रुपति चौधरी | | सदस्य |
| श्री कुल बहादुर बुढा मगर | | सदस्य |
| श्री जुनकुमारी बुढा मगर | | सदस्य |
| श्री सावित्री श्रेष्ठ | | सदस्य सचिव |

Scanned with CamScanner

## दाङ जिल्लाको नवौं जिल्ला सभाका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु:

१. निर्णय अनुमोदन गर्ने सम्वन्धी,

२. रकम विनियोजन सम्वन्धी,

३. यातायात सेवा कार्यालय विस्तार माग सम्वन्धी,

४. नीति तथा कार्यक्रम स्वीकृत गर्ने सम्वन्धी,

५. खाद्य गुणस्तर परीक्षण प्रयोगशाला तथा नापतौल कार्यालय स्थापना सम्वन्धी,

६. जिल्लाको पार्श्वचित्र तयार गर्ने सम्वन्धी,

७. सडक स्तरोन्नती सहजीकरण समिति गठन सम्वन्धी,

८. वार्षिक कार्य सम्पादनका आधारमा कार्यालयहरुलाई प्रशंसा पत्र सहित पुरस्कृत गर्ने सम्वन्धी ।

९. आयल निगमको डिपो स्थापनार्थ जग्गा प्राप्ती गर्ने सम्वन्धमा,

१०.होटल व्यवस्थापन सम्वन्धी,

११. कृषि सामाग्री व्यवस्थापन सम्वन्धी,

१२. सडक स्तरोन्नती सम्वन्धी ।

निर्णयहरु

१. आ.ब. २०८१/२०८२ मा जिल्ला समन्वय समितिबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो

२. जिल्ला समन्वय समितिलाई आ.ब. २०८२/०८३ मा संघ, प्रदेश र सन्चित कोषमा रहेको बचत रकम र अ निकायबाट प्राप्त हुने बजेट आवश्यकता अनुसार विनियोजन गरी खर्च गर्ने अधिकार जिल्ला समन्वय समितिल प्रदान गर्ने निर्णय गरियो ।

३. घोराहीमा यातायात सेवा कार्यालय विस्तारका लागि लुम्बिनी प्रदेश उद्योग, पर्यटन तथा यातायात मन्त्रालय पत्राचार गर्ने निर्णय गरीयो ।

४. नवौं जिल्ला सभामा प्रस्तुत जिल्ला समन्वय समितिको बजेट, निति तथा कार्यकमलाई स्वीकृत गर्ने नि गरियो ।

५. जिल्लामा खाद्य गुणस्तर परीक्षण प्रयोगशाला तथा नापतौल कार्यालय स्थापनाका लागि संवन्धित मन्त्रालय अनुरोध गर्ने निर्णय गरियो ।

६. जिल्ला समन्वय समितिले जिल्लाको पार्श्व चित्र (डिस्ट्रीक प्रोफाइल निर्माण गर्ने र त्यसका लागी लाग्ने ब पालिकाहरुले उपलव्ध गराउने निर्णय गरीयो ।

७ घोराही–तुलसीपुर सडक स्तरोन्नतीका क्रममा उत्पन्न हुने विवाद समाधानका लागि जिल्ला समन्वय समिति प्रमुखको संयोजकत्वमा चारलेन सडक स्तरोन्नतीमा देहाय बमोजिमको सहजीकरण समिति गठन गर्ने नि गरीयो :

नित्यानन्द शर्मा

Scanned with CamScanner

क) जिल्ला समन्वय प्रमुख .............................. संयोजक

ख) नगर प्रमुख घोराही उपमहानगरपालिका ............. सदस्य

ग) नगर प्रमुख, तुलसीपुर उपमहानगरपालिका .......... सदस्य

ग) प्रमुख जिल्ला अधिकारी, दाङ .................... सदस्य

घ) जिल्ला प्रहरी प्रमुख ..................................... सदस्य

ङ) प्रमुख, नेपाल विद्युत प्राधीकरण, घोराही ............. सदस्य

च) प्रमुख, नेपाल टेलिकम, घोराही ........................ सदस्य

छ) कार्यालय प्रमुख, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ . सदस्य

ज) कार्यालय प्रमुख, सडक डिभिजन कार्यालय, घोराही ........................ सदस्य

झ) कार्यालय प्रमुख, डिभिजन वन कार्यालय , घोराही ........................ सदस्य

ञ) जिल्ला समन्वय अधिकारी .................................................... सदस्य सचिव

९. आ.व. २०८१/२०८२ मा स्थानीय तह तथा संघ र प्रदेश स्तरीय कार्यालयहरुले सम्पादन गरेको कार्यह प्रगति समीक्षाका आधारमा विभिन्न सूचकहरुमा मूल्यांङ्न समितिले मूल्याङ्न गरी प्राप्ताङ्का आधारमा दे बमोजिमका कार्यालयहरुलाई प्रथम द्वितीय र तृतीय स्थान प्राप्त गरेकाले प्रसंशा पत्रले सम्मान गर्ने निर्णय गरि

क) स्थानीय तहहरु मध्ये,

प्रथम – राप्ती गाउँपालिका, दाङ

द्वितीय – घोराही उपमहानगरपालिका, दाङ

तृतीय – बबई गाउँपालिका, दाङ

ख) संघीय कार्यालयहरु मध्ये,

प्रथम – प्रगन्ना तथा बड्कापथ सिंचाई आयोजना, लमही

द्वितीय – बृहत दाङ उपत्यका सिंचाई आयोजना तुलसीपुर

ग) प्रदेश स्तरीय कार्यालयहरु मध्ये,

प्रथम – जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय, तुलसीपुर

द्वितीय – खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, घोराही

९. आयल निगमको डिपो कार्यालय स्थापनाका लागि तुलसीपुरमा जग्गा प्राप्तीको प्रकृया अगाडि बढाउन स र सहजीकरण गरी संघ र प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

१०.दाङ जिल्ला भरीको होटल व्यवसायी लगायत अन्य व्यवसायहरुलाई सुरक्षित र मर्यादित व्यवसाय गर्नका रात्रीकालिन व्यवसायको समय निर्धारण गर्नका लागि सम्वन्धित निकायमा ध्यानाकर्षण गराउने निर्णय गरियो

११.समग्र स्थानीय तहहरुवाट कृषि क्षेत्रमा उत्पादन भएका सामाग्रीहरुको बजारीकरणको व्यवस्थापनको लागि र प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

१२.राजपुर गाउँपालिकाको सीमाक्षेत्र सिंजाली मार्गको स्तरोन्नतीको लागि संघ, प्रदेश सरकारसँग अनुरो निर्णय गरियो ।

जित्यानन्द शर्मा
प्र...

Scanned with CamScanner